जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः ११, अंकः १५० पृष्ठः ४ | २०८१ असोज २२ गते मंगलबार (Tuesday 09 Oct. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल** : mgnd2070@gmail.com

## बाढी प्रभावित क्षेत्रमा शुद्ध खानेपानी अभाव



राजविराज, २१ असोज। केही दिन अगाडिको बाढीले घरविहीन भएका यहाँका बाढीपीडितलाई शुद्ध खानेपानीको अभाप भएको छ। खानेपानी अभाव र हिलाम्मे घरमा बस्नुपर्ने बाध्यताले उनीहरु समस्यामा परेका छन्। कंकालिनी नगरपालिकाका स्थानीय बोकाइ सदाले यहाँ शुद्ध खानेपानी नभएकाले अधिकांश बाढीपीडित बिरामी पर्न थालेको बताए। शुद्ध खानेपानीको अभावमा दूषित पानी पिउँदा रुघाखोकी, ज्वरो, बान्ता र झाडापखाला जस्ता लक्षणसहित बिरामी परेको उनले बताए।

कोशी बाँधमा बसेका बाढीपीडितले कोशीको पानी र ट्यूबेलको पानी खाने गरेका छन्। पानीकै कारण बिरामी परेको हुनसक्ने अनुमान गरिएको छ। सदाले भने, "बच्चा बिरामी छ घरको खाद्यान्न नष्ट हुँदा खाने कुरा छैन। चर्को घाममा खुला ठाउँमा बसेका छौँ।" सोही ठाउँका अर्का बाढीपीडित भागवत मुखियाले यस क्षेत्रमा स्वास्थ्यकर्मीको टोली आइनपुगेको बताए। खाद्यान्न सबै नष्ट भएको र राहत सामग्री वितरणमा भेदभाव हुँदा पीडित झन समस्यामा परेको उनको गुनासो छ। "बाढी पीडितका लागि राहत सामग्री स्वरुप हालसम्म मुरै, चिउरा र चाउचाउबाहेक केही पाइएको छैन", उनले भने।

स्थानीय बाढीपीडित परवेज आलमले धान काट्ने बेलामा आएको बाढीले धान र घरविहीन बनाएको बताए। धानबालीमा क्षति गरेका हुँदा एक वर्षका लागि भोकै बस्नुपर्ने अवस्था आएको उनले गुनासो पोखे। उनले तीनै तहका सरकारलाई सहयोगको याचना गरे। कोशी नदी र जीता

**-बाँकी तीन पेजमा**

## सुरक्षाका लागि मधेशमा १० हजार प्रहरी परिचालन

**धर्वेन्द्र झा**

जनकपुरधाम, २१ असोज। मधेश प्रदेशमा चाडपर्वलक्षित सुरक्षा योजनालाई प्रभावकारी बनाउने विषयमा सोमबार मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा बसेको प्रदेशस्तरीय सुरक्षा बैठक सम्पन्न भएको छ। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा भएको बैठकमा प्रदेशको सुरक्षाको अवस्था र अगामी कार्य योजनाको विषयमा छलफल भएको छ। मधेश प्रदेश भरिमा शान्ति सुरक्षाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी करिब १० हजार प्रहरी परिचालन भएको बैठकमा सुरक्षा अधिकारीले जानकारी गराएको छ।

नेपाल प्रहरीले राजमार्ग, मेला, हार्ट र संवेदनशील स्थानको सुरक्षाका लागि करिब ६ हजार प्रहरी परिचालन गरेको मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले जानकारी दिए। यसका साथै चाडपर्वमा अत्यधिक मात्रामा मान्छेहरू ओहोरदोहोर गर्ने भएकाले ठाउँ-ठाउँमा नागरिक सहायता कक्ष स्थापना गरिइएको जानकारी दिँदै सवारी दुर्घटनामा कमी ल्याउनका लागि ट्राफिक प्रहरीको सचेतना कार्यक्रम पनि भइरहेको उनले बताए। त्यसैगरी सुरक्षा बैठकमा दसैं, दीपावली तथा छठ पर्वमा सिमानाबाट तस्करी, विस्फोटक पदार्थहरू चोरी पैठारी भएर आउने सम्भावनालाई दृष्टिगत गरेर सशस्त्र प्रहरीले प्रदेश भरिमा ४ हजार २ सय ६५ जना सशस्त्र प्रहरी परिचालन गरेको सशस्त्र प्रहरीको छिन्नमस्ता

**-बाँकी तीन पेजमा**

## सात पालिकाका कर्मचारी र लाभग्राहीले चाडपर्वमा पनि तलबभत्ता पाएनन्

सर्लाही, २१ असोज। चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको अन्तिम समय भइसक्दा पनि सर्लाहीका पालिकाको खाता सञ्चालन नहुँदा तलबभत्ता भुक्तानीमा समस्या भएको छ। दसैँलगायत चाडपर्व आइसक्दासमेत कर्मचारीले तलबभत्ता र सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीले रकम पाउन सकेका छैनन्। जसले गर्दा यसपटकको चाडपर्व खल्लो हुने भन्दै कर्मचारी तथा लाभग्राहीहरू निराश छन्। जिल्लाको चन्द्रनगर गाउँपालिका-६ की ५३ वर्षीया रतियादेवी माझीले सरकारले दिने सामाजिक सुरक्षाभत्ताले यसपटकको दसैँ तिहार मनाउने योजना बनाइन्। सोही भत्ता रकमले ६ जनाको परिवारमा खुसी ल्याउने योजना कार्यान्वयन नहुने भएपछि उनी निराश छिन्। "श्रीमानको मृत्युपछि परिवारको लालनपालनको जिम्मा मेरै काँधमा छ। घरमा दिगो

**-बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

# सम्पादकीय

## विदेशी सहायता राजनीतिक दलहरूमार्फत !

सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक सहयोगबाट कार्यक्रम सञ्चालन गरेबापत गैरसरकारी सामाजिक संस्थाहरूलाई 'विदेशी एजेन्ट' भन्ने राजनीतिक दलहरूले बाढीपीडितका नाममा विदेशको राजनीतिक दलबाट सहयोग लिएका छन्। यसरी नेपालका राजनीतिक दलहरूले लुकिछिपी विदेशी पैसा लिएको सन्देह पहिलेदेखि नै गरिएको भए पनि यसरी हाकाहाकी रकम लिएको भने सार्वजनिक भएको भने सम्भवतः यो पहिलो घटना हो। चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागले बाढीपीडितको निम्ति सहयोग भन्दै नेपालका केही राजनीतिक दलका नेताहरूलाई उपलब्ध गराएको समाचार सार्वजनिक भएको छ। करिब २ करोड रुपियाँ बराबरको सहायता भनिए पनि त्यसमा नगद वा जिन्सी कति हो र वितरण कसरी गरिने हो भन्ने सार्वजनिक गरिएको छैन। सत्तारूढ नेपाली कांग्रेस, नेकपा ( एमाले) तथा प्रमुख विपक्षी नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादीका प्रतिनिधिले सहायता सामग्री बुझेको एउटा समाचारमा उल्लेख गरिएको छ।

बाढीपीडितको सहयोगार्थ चिनियाँ रेडक्रसले पनि केही दिन पहिले सहायता उपलब्ध गराएको छ। त्यस सहयोगलाई चिनियाँ रेडक्रसको नेपाली जनताप्रतिको सद्भावका रूपमा लिइएको थियो। तर, नेपालका राजनीतिक दलहरूले विदेशी राजनीतिक दलबाट यसरी सोझै सहायता लिनेदिने गर्नु भने सद्भावपूर्ण सदाशयभन्दा राजनीतिक रणनीतिका रूपमा हेरिनुपर्छ। किनभने यसरी विदेशी राजनीतिक दलबाट सोझै सहायता लिनेदिने गर्दा नेपालका दलहरूभित्र वैदेशिक हस्तक्षेप र प्रभावको जोखिम बढ्नेछ। चिनियाँ कम्युनिस्ट पार्टीले जस्तै भारत, अमेरिका, युरोपियन युनियनलगायतका देशका दलहरूले नेपालका राजनीतिक दलहरूलाई विभिन्न नाममा सहायता दिन थालेभने त्यसको परिणाम के होला ? यस्तै सत्तारुढ राजनीतिक दलहरूले पूर्वस्वीकृतिको कानुनी प्रावधानहरू पूरा नगरी वैदेशिक सहयोग लिने हो भने अरू दल वा संघसंस्थाले कानुन पालन किन गर्ने ? कि राजनीतिक नेताहरूले अपराधमा उन्मुक्ति पाएजस्तै दलहरू पनि देशका विशेष संस्था भएकाले 'छोटा नेता'हरूले पनि कानुन मिच्न डराउन नपर्ने सन्देश दिन खोजिएको हो ?

चीनले अपनाएको शासन प्रणालीमा राज्य, पार्टी र सरकारका बीचमा धेरै भिन्नता हुँदैन। यसैले चिनियाँ मित्रहरूलाई नेपालका राजनीतिक दलका नेतालाई सहायता हस्तान्तरण गर्न खासै अप्ठेरो नलाग्नु अनौठो होइन। यद्यपि, चिनियाँ कूटनयिकहरूले पनि नेपालको कानुन तथा लोकतान्त्रिक शासनको मर्यादा राख्नु उचित हुन्थ्यो। यस्तै हो भने त चुनावका बेला झन् बढी चलखेल हुँदैन भनेर कसरी ढुक्क हुन सकिन्छ र ? जे नहुनुपर्ने थियो भयो। अब चिनियाँ राजदूतावास र सहायता बुझ्न हुर्तुराएका नेपालका राजनीतिक दलका नेताहरूको नियतमा एकपटक शङ्काको सुविधा दिऊँ। तर, उनीहरूले बुझेका सहायता सम्बन्धित निकायलाई तत्काल हस्तान्तरण गरून्। सरकारले पनि यस प्रकारको अराजकता काबुबाहिर नहुँदै नियन्त्रण गरोस् ! नागरिक र सामाजिक संघसंस्थालाई लाग्ने कानुनबाट राजनीतिक दलका नेता कार्यकर्ताले पनि उन्मुक्ति पाउँदैनन्।

# राजधानीमै सरकार देखिएन, दुर्गम के होला ?

**सोमबहादुर थापा**

असोज दोस्रो सातामा आएको भीषण बाढीपहिरोपछि सहायता, उद्धार तथा पुनःस्थापनाका काममा सरकार जुन रूपमा सक्रिय हुनुपर्थ्यो त्यसरी प्रस्तुत नभएकामा सरकारी संयन्त्रमाथि चारैतिर प्रश्न उठेका छन्। अति सुस्त शैलीका सरकार दुई चारवटा निर्णय गरेर ठूलै काम गरे झैँ दंग छ। नेपाल बाढी पहिरो, भूकम्प, आँधीबेरी, अति वर्षा र सुख्खाले सताइरहने देश हो। बर्सेनि बाढी पहिरो, भूक्षय, भूकम्प, आँधीबेहरीबाट देश र जनता पीडित हुनुपरेको छ।

जाजरकोट र पश्चिम रुकुममा गत वर्ष गएको भूकम्पको राहत र पुनर्निर्माणका काम पूरा नहुँदै देशले यो वर्ष असोजको दुई दिने झरीले निम्त्याएको बाढीपहिरोको मार खेप्दैछ। हजारौं मानिस घरबारविहीन हुन पुगेका र दुईसय चालीस भन्दा बढीले ज्यान गुमाएको अनुमान छ। बाढीपहिरोजस्ता प्राकृतिक विपत्ति पूर्णरुपमा रोक्न त सकिँदैन तर सरकारी संयन्त्रले योजना बनाउँदै गरेको भए क्षति कम हुन सक्थ्यो। बाढीपहिरोबाट भएका क्षतिमा पुनर्निर्माण तथा मानिसलाई कसरी बसोबास मिलाउने भन्नेमा बजेट र कार्यक्रम सरकारले ल्याउन सकेको छैन। प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा हुने सहायताले मात्रै राहत, उद्धार, पुनःस्थापना तथा पूर्वाधार निर्माण तथा मर्मतका काम गर्न सकिँदैन। यतिबेला सरकारले साधारण खर्च भारी मात्रामा घटाउने योजना ल्याउनुपर्ने थियो। त्यस्तो सक्रियता नदेखिँदा सरकारले भयावह अवस्थालाई सामान्यरूपमा लिएको देखियो।

हालको संकटको समयमा सरकारको परिणाममुखी र मितव्ययीरूपमा काम गर्नुपर्ने देखिन्छ। साथै सरकारले दक्षता, मितव्ययिता, नियमितता, स्वच्छता, प्रभावकारिता, पारदर्शिता र जवाफदेही देखाउन आवश्यक छ। जनताले प्रत्यक्ष देख्ने परिणाममुखी काम गर्न नसके सरकारले विश्वसनीयता गुमाउनुपर्ने स्थिति आउन सक्छ। बाढीपहिरोले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, पूर्वाधार विकास, उद्योग कलकारखाना, कृषि, पर्यटनमा असर र प्रभाव पारेको देखिन्छ। यसबाट लगभग तीस अर्बभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ। यसको असरको गहिराइ कति छ भन्ने सम्बन्धमा सरकारले नीति र योजना बनाएको पनि देखिँदैन।

तीन दिनको बाढीपहिरोले बढी क्षति वाग्मती र कोसी प्रदेशमा पारेको अनुमान छ। यसले राजधानी आउनेजाने मार्ग बन्द हुन गएका छन्। यही मौका पारेर खाद्यान्न, तरकारीको मूल्य अस्वाभाविक तवरले बढेको छ। सरकार अस्वाभाविक मूल्यवृद्धि रोक्न पनि असफल भएको देखिन्छ। विश्वमा प्राकृतिक विपत्तिबाट मुक्त भएको देश पाउन गाह्रो छ। हरेक देशका सरकार, राजनीतिक दलका नेता तथा नीति निर्माताहरूले देशमा के/कस्ता प्राकृतिक विपत्ति आउँछ र त्यसलाई कसरी सम्बोध गर्ने भन्ने नीति र योजना बनाउने गरे झैँ नेपाल सरकारले पनि त्यस्तो नीति र कार्यक्रम बनाउन सकेको देखिँदैन। हाम्रा शासक र राजनीतिक दलहरूको कमजोरी यही हो।

बाढी पहिरो जस्ता अधिकांश प्राकृतिक विपत्ति मनिसको गलत, सोचविचार र कार्यका कारण हुने गर्छन् भन्ने सरकार र सरकारीतन्त्रले कहिल्यै बुझेनन्। यसपालिको विपत्तिमा प्राकृतिक स्रोत तथा चुरेको अत्यधिक दोहनले पहाड र तराईमा धेरै क्षति पुगेको कारण पनि यही हो। खाली जमीन देख्नैबित्तिकै पार्टीका कार्यकर्ता र समर्थकहरूलाई सुकुम्वासी बनाउँदै राख्ने प्रवृत्तिले खोला किनारामा बस्ती धेरै क्षतिग्रस्त हुन गएका छन्। काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले नदी किनाराका बस्ती हटाउने कार्यक्रम ल्याउँदा सरकार र राजनीतिक दलका नेताहरूले असहयोग गर्दा बाढीले काठमाडौं उपत्यका बढी प्रभावित हुन गयो।

नदी र आसपासका ढुंगा गिट्टी र बालुवा जथाभावीरूपमा उत्खनन् गर्दा र वनजंगल जथाभावी नाश गर्दा प्रकृतिमाथि अतिक्रमण हुन गएको छ। यसले बाढी पहिरो, भूक्षय, सुखा पहिरोजस्ता प्राकृतिक विपत्ति निम्त्याउने काम गरेको छ। यो यथार्थ हामीले कहिल्यै बुझ्ने र समाधान गर्ने कोसिस नगर्दा नेपाल र नेपाली प्राकृतिक विपत्तिबाट पीडित हुनुपरेको हो। प्राकृतिक विपत्तिका मुख्यकारणमा वनजंगलको विनाश, भूक्षय, वायुको तापक्रम बढ्नु, वातावरण प्रदूषण, खानी सञ्चालनका तौरतरिका, जलवायु परिवर्तन, खोला किनारामा सुकुम्वासी बस्ती बसाल्ने र नदीखोलाबाट जथाभावी ढुंगा, गिटी, बालुवा झिक्नु आदि हुन्। प्रकृतिमाथि दोहन र थिचोमिचो न्यूनीकरण नगर्ने हो भने निरन्तर अनेक विपत्ति भोग्दै जानुपर्ने स्थिति छ।

प्राकृतिक विपत्तिका घटना पूर्णरुपेण रोक्न सकिँदैन तर विपत्तिबाट कमभन्दा कम क्षति हुनेबारे सोच्नु र काम गर्नु सरकारको मुख्य जिम्मेवारी हो। असोजमा बाढी पहिरो ठूलो आउँदैछ भनी मौसमविद्हरूले तीन चार दिनअगावै पूर्वसूचना दिएका हुन्। तर सरकारले पूर्व तयारी गरेन। तीनै तहका सरकारको यो ठूलो कमजोरी हो। झ्याप्ले खोलामा बस पुरियो। पैतीसभन्दा बढी यात्रुले अकालमा ज्यान गुमाए। यसमा चल्ने सार्वजनिक यातायात दुई दिनका लागि रोक्न सकिन्थ्यो। बाटोमा यात्रुहरूले कैयौं दिनसम्म भोकभोकै ज्यानको बाजी लगाउँदै हिँड्नुपर्‍यो।

राजधानी र राजधानीसँगै जोडिएका काभ्रे, धादिङजस्ता ठाउँमा त सरकारले आफ्नो उपस्थिति देखाउन सकेन भने दुर्गम पहाडी जिल्लाहरूमा सरकारको उपस्थिति भएन भनेर के भन्ने ? सरकार जवाफदेही भयो कि भएन समीक्षा तथा मूल्यांकन हुनुपर्छ। बाढीपहिरो गइसकेपछि भएका क्षतिका कारण, असर, प्रभाव र समाधानका उपायबारे गम्भीररूपले समीक्षा गरी यथार्थ विवरण अझै सर्वजनिक गर्नसकेको छैन।

दैवी प्रकोपका घटनापछि उद्धार तथा राहत र पुनर्निर्माण कार्यमा विगतमा सरकारले काम गर्दा ढिलासुस्ती, अनियमितता र बदमासी भएको समाचार आउने गर्थे। यसपालि जनताले त्यस किसिमको समाचार सुन्न नपरोस्। सरकार, राजनीतिक दलका नेता तथा प्रशासनप्रति जनताको विश्वास जाग्न सकेको छैन। सरकारमा बस्नेहरू, राजनीतिक दलका नेताहरू, प्रशासन र सुरक्षाका अधिकारीहरू यस सन्दर्भमा निष्पक्ष, स्वतन्त्र, नैतिक, इमानदार तथा जवाफदेही बन्न अत्यावश्यक देखिन्छ। यस्तो विपत्तिका बेला संघीय संसद् र प्रदेशसभाको आपतकालीन अधिवेशन बोलाउँदै विपत्तिबारेमा छलफल गर्नुपर्ने थियो। संसदीय समितिहरूले पनि सरकारका कामकारबाही, अनुगमन र मूल्यांकन गरी राहत, उद्धार तथा पुर्ननिर्माण र पुनःस्नाथापनाका कामहरूलाई प्रभावकारी बनाउन आवश्यक थियो। संघीय संसद् र प्रदेशसभाको अधिवेशन र बैठक नराख्नुले तिनीहरूको औचित्य र महत्त्व, घट्न गएको छ। जनप्रतिनिधिहरूले संसद बैठकको माग गर्नुपर्ने थियो। त्यसो गर्न सकेको देखिँदैन। यस कार्यमा प्रभावकारिता र सक्रियता ल्याउन सरोकारवालाको ध्यान जाओस्।

## सात पालिकाका ...

आम्दानी गर्ने व्यक्ति नहुँदा ज्याला मजदुरीबाट आएको पैसाले परिवारको दुई छाक टार्नसमेत मुस्किल छ। भवितव्य परिहाले ऋण गर्नुको विकल्प छैन। यसपटक चाडपर्व सोही रकमले धान्ने योजना थियो तर हालसम्म रकम आएको छैन", उनले भने, "तीन महिना बित्न लाग्यो रकम नपाएको, कार्यालयमा जाँदा आएको छैन भन्छन् सरहरुले। दसैंमा बालबालिकालाई मीठो मसिनो ख्वाउला सोचेको अब नसकिने भो।"

जिल्लाको गोडैता नगरपालिका–१, पिपरियाका महेन्द्र कुशवाहा पनि भत्ता नआएपछि छटपटीमा छन्। दमको दीर्घरोगी उनलाई चाडबाडसँगै औषधिमूलो किन्नसमेत समस्या भएको छ। "भत्ताकै पैसाले औषधि किनेर खाने गरेको छ। आयआर्जनको अर्को उपाय छैन। नातिनातिना दसैं आयो भन्दै आउँछन्। मिठाई किनेर दिनेसमेत क्षमता छैन", उनले गुनासो गरे। उनीजस्तै समस्या छ नगरमा काम गर्ने कर्मचारीहरूको पनि। कविलसी नगरपालिका–२, स्थित बालगोविन्द जनता मावि पिपरियाका शिक्षक वीरेन्द्र साहले विभिन्न कारणले पालिकाको खाता सञ्चालन हुन नसक्दा तलबभत्तासमेत नपाएको दुःखेसो पोखे। चाडबाडको समयमा तलब नपाउँदा शिक्षकशिक्षिकालाई घरजानसमेत समस्या भएको उनले बताए। "दसैं जस्तो चाडबाडको समय छ। घर जाँदा छोराछोरीले मीठोमसिनो, लत्ताकपडा माग्छन्, आफूले पारिश्रमिक पाएको छैन। कसरी घर जाने !", उनले भने।

यस पालिकाकामा आन्तरिक विवादका कारण हालसम्म नगरसभाबाट बजेट पारित हुनेसकेको छैन। त्यसैकारण आर्थिक कारोबार ठप्प छ। यस्तै, बसवरिया गाउँपालिकाको स्वास्थ्य शाखाका सिनियर अहेब जयलाल सहनीले तलबभत्ता नपाउँदा ऋण काडेर चाडबाड मनाउन बाध्य भएको बताए। "बच्चाबच्चीले तलब आएको छैन भनेर मान्दैन्न, दसैंको समय छ। सबैले लगाएको खाएको देख्छन्। घरमा आएर झगडा गर्छन्। काम गरेको कार्यालयले तलब दिनसकेको छैन", उनले गुनासो गरे। माथि उल्लिखित सबै प्रतिनिधि पात्रमात्र हुन्। जिल्लाका सातवटा पालिकाले समयमै परिषद् गरेर खाता सञ्चालन नगर्दा सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राही, सयौं कर्मचारी तथा पालिकाको विभिन्न क्षेत्रमा काम गरिरहेका संघसंस्था, कार्यालय तथा कम्पनीहरु प्रभावित बनेका छन्। समग्रमा आठ हजार सामाजिक सुरक्षाभत्ता लाभग्राही, करिब चार सय ५० कर्मचारीले यस्तो समस्या भोगेका छन्। २० पालिका रहेको सर्लाहीमा हालसम्म ईश्वरपुर, गोडैता र कविलासी नगरपालिका तथा पर्सा, बिष्णु, बसवरिया र चन्द्रनगर गाउँपालिकाले परिषद् सम्पन्न गरेका छैनन्। स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको नियमानुसार आवश्यक प्रक्रिया नपुर्‍याएकाले यी पालिकाहरूको खाता सञ्चालनमा नआएको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त कोष नियन्त्रक रुपेशकुमार तिवारीले जानकारी दिए।

अन्य आठ नगरपालिका र पाँच गाउँपालिकाले परिषद् सम्पन्न गरी पहिलो चौमासिक रकम निकासा गरेर नियमित तलबभत्ता वितरण गरिरहेका उनले बताए।


# Bariyarpatti Rural Municipality

## Office of The Rural Municipal Executive

Bariyarpatti, Siraha

Madhesh Province, Nepal

## Invitation for E-Bid

**Contract Identification No: BRM/AG/01/2081/082**

**Publication Date: (2081/06/22)**

1. Bariyarpatti Municipality Office invites NCB from eligible bidders for the Construction works of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bariyarpatti Municipality, Office of The Municipal Executive, Bariyarpatti, Rural Municipality and visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID No. | Description of works | Toal Estimated Amount NRs. | Bid Security Amount NRs. | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| BRM/AG/01/ 2081/082 | उन्न जातको गँहु बिउ खरिद | 2997820/- | 75000/- | 1000/- |

**Chief Administrative Officer**

### बाढी प्रभावित ...

खोलाको बाढीका कारण हनुमाननगर कंकालिनीका सयौँ बाढीपीडितको विचल्ली भएको छ। हनुमाननर कंकालिनी नगरपालिकाका नगरप्रमुख वीरेन्द्र माझीले स्थानीय सरकारले बाढीपीडितका लागि शुद्ध खानेपानी, समयमा उपचार र राहत सामग्री वितरण गरिरहेको बताए।

तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झाका अनुसार तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ वडामा पानी पसेपछि स्थानीय समस्यामा परेका छन्। बाढीपीडितका लागि गाउँपालिकाको समन्वय तथा युनिसेफको सहयोगमा सबल नेपाल नामक संस्थामार्फत दुई सय ५२ परिवारलाई राहत सामग्री स्वरुप 'हाइजिन किट', पानी खानका लागि मग, डोल र झुललगायत वितरण गर्ने तयारी गरिएको उनले जनाकारी दिए।

### सुरक्षाका लागि...

बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालीदास धौबजीले जानकारी दिए।

भारतबाट आउने पर्यटकका लागि धनुषाको जटही तथा पर्साको वीरगन्ज नाकामा पर्यटक सहायता कक्षको समेत स्थापना गरिइएको उनले बताए। यसका साथै प्रदेशभरिमा सशस्त्र प्रहरीको ५० वटा नागरिक सहायता कक्षका साथै २८ वटा विशेष पेट्रोलियम गस्ती परिचालन गर्ने काम भएको उनले जानकारी दिए। उनले यसका साथै आवश्यकता अनुसार नेपाली सेना तथा राष्ट्रिय अनुसन्धान विभागले सुरक्षामा सहयोग गरिने गरी नीति बनाएको जानकारी दिए। कार्यक्रममा बोल्दै मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले चाडपर्वको समयमा राजमार्गमा हुने गरेको सवारी दुर्घटना न्यूनीकरणमा विशेष ध्यान दिन निर्देशन दिनु भएको सो मन्त्रालयका कानुन अधिकृत एवम् निमित्त सचिव सञ्जीव सिंहले जानकारी दिए।

मन्त्री लेखीले दसैं, दीपावली तथा छठको समयमा अत्यधिक मात्रामा अवैध बाटो भएर विस्फोटक पदार्थ अर्थात् पटाका भित्रिने गरेकाले त्यसमा कडाइका साथ नियन्त्रण गर्न आवश्यक रहेको बताउँदै मूर्ति सेलाउनेक्रममा सडकजाम गर्ने तथा ध्वनि प्रदूषण गर्नेगरी डिजे बजाउने गरेकालाई नियन्त्रण गर्न जरुरी रहेको बताए।

## दुर्घटना हुँदा एकको मृत्यु

जनकपुरधाम, ११ असोज। धनुषामा मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। अन्य एकजना गम्भीर घाइते भएका छन्। मृत्यु हुनेमा धनुषाको सबैला नगरपालिका१२ रघुनाथपुर बस्ने वर्ष ४८ का विश्वेश्वर मण्डल रहेका धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए। उनका अनुसार आइतबार साँझ जनकपुरबाट धनुषाधाम तर्फ गइरहेको स ७ प ३९३२ नम्बरको मोटरसाईकल मिथिलाविहारी नगरपालिका २ पर्शुराम तलाउस्थित अनियन्त्रित भएर दुर्घटना भएको थियो।

# इच्छाकामनाका वृद्धवृद्धालाई भत्ता लिन सास्ती



चितवन, २१ असोज। वृद्धभत्ता रकम लिन माछापुच्छे बैंक कुरिनटारमा आइतबार बिहानै आइपुगेकी चितवन इच्छाकामना गाउँपालिका–१ हात्तीवाङको सन्चरीमाया चेपाङले दिउँसो भत्ता वापतको रकम प्राप्त गरिन्। भत्ता रकम लिन चार घण्टा बढी लाइनमा बस्नुपरेको उनको गुनासो छ। घण्टौँ लाइनमा बसेर भत्ता रकम हातमा पर्दा जति खुसी भइन्, त्यत्ति नै थकित पनि देखिन्थिन्। सञ्चरीमायामात्र होइन इच्छाकामना –३ धुषाकी छोटीमाया चेपाङले पनि चार घण्टा कुरेर भत्ता लिइन्। कुरिनटारमै रहेको अर्को प्रभु बैंकमा पनि आइतबार उस्तै भीड थियो। वृद्धवृद्धा भत्ता रकम कतिखेर भिक्न पाइन्छ भनेर कुरेर बसिरहेका थिए। बिहानैदेखि आएर कागजपत्र बुझाएका इच्छाकामना २ फुर्केडाँडाका बलबहादुर चेपाङले दिउँसो भत्ता रकम लिन पाए। बैंकमा सामाजिक सुरक्षा भत्ता लिने र अन्य सेवाग्राहीको भीड थियो।

माछापुच्छे बैंकमा भत्ता लिन आउनेलाई सहजीकरणका लागि सहयोग गर्न आएका इच्छाकामना – १ हात्तीवाङका तिलक गिरीले भत्ता लिन वृद्धवृद्धा दिनभर लाइनमा बस्नुपरेको बताए। विकट स्थानबाट आएका वृद्धवृद्धालाई छिटोछरितो सहज रूपमा भत्ता लिने वातावरण सृजना गर्नुपर्ने उनको भनाइ छ। सकेसम्म वडामै भत्ता वितरण गर्नुपर्ने माग गरे। इच्छाकामना वडा नं १ र २ बाट कुरिनटारमा रहेको बैंकसम्म गाडी रिजर्भ गरेर भत्ता लिन आएको उनले बताए। आवतजावत गर्न जनही रु सात सय गाडी भाडामा मात्र खर्च हुने उनको भनाइ छ। उनले भने, "झण्डै तीन घण्टाको बाटो गाडी रिजर्भ गरेर यहाँ भत्ता रकम लिन वृद्धवृद्धा आउनुभएको छ, भाडामात्र रु सात सय लाग्छ, वडामै भत्ता वितरण गरेको भए उक्त रकम बच्ने र यहाँ आएर यसरी लाइन बस्नुपर्ने थिएन।"

इच्छाकामना– १ का वडाध्यक्ष सन्तबहादुर रानामगरले वडामै भत्ता वितरणका लागि बैंकसँग आग्रह गरे पनि बैंकले सुरक्षा र कर्मचारीको अभाव जनाउँदै उक्त सेवा दिन इन्कार गरेको बताए। उनले भने, "मैले गत वर्ष नै बैंकलाई वडामै भत्ता वितरणका लागि आग्रह गरेको थिएँ, तर बैंकले कर्मचारी अभाव र नगद बोकेर जान सुरक्षित नहुने भन्दै मानेन।" अशक्तहरूका लागि हकवालाले बैंकमा गएर भत्ता लिन सक्ने व्यवस्था गरेको उनले बताए। आगामी दिनमा कसरी हुन्छ भत्ता वितरणलाई थप सहज बनाउन बैंकसँग छलफल गर्ने बताए। माछापुच्छे बैंक कुरिनटार शाखाका प्रबन्धक प्रकाश अधिकारीले सकेसम्म सामाजिक सुरक्षा भत्ता वितरणमा सहज बनाएको दाबी गरे। उनले वडाको सिफारिसमा अशक्त वृद्धवृद्धालाई हकवाला मार्फत भत्ता उपलब्ध गराइरहेको बताए।

उनले भने, "हामीले बैंकसम्म आउन नसक्नेलाई वडाको सिफारिसमा हकवालाले भत्ता रकम बुझ्न पाउने व्यवस्था गरेका छौँ, दसैँका बेला भएकाले सबै वृद्धवृद्धा एकैपटक आउँदा केही समस्या भएको हो।" यो समयमा अन्य सेवाग्राहीको समेत भीड लाग्ने गरेकाले केही असहज भएको उनको भनाइ छ। बैंकमा कर्मचारी अभावका कारण वडामै पुगेर भत्ता वितरण गर्न नसकिएको बैंकका प्रबन्धक अधिकारीले बताए। गाउँपालिकाले ग्लोबल आइएमई, प्रभु र माछापुच्छे बैंकमार्फत भत्ता वितरण गर्दै आइरहेको छ।

इच्छाकामनाको माथिल्लो भेगका ज्येष्ठ नागरिकले वृद्धभत्ता प्राप्त गर्न पनि सास्ती व्यहोर्दै आइरहेका छन्। सकेसम्म टोलटोलमै पुगेर भत्ता वितरण गर्नुपर्ने त्यत्ति पनि नभए वडास्तरबाटै वितरण गर्नुपर्ने यहाँका ज्येष्ठ नागरिकहरूको माग छ।

# १९ लाख नगदसहित कलंकीबाट दुई पक्राउ

काठमाडौं, २१ असोज। काठमाडौंको कलंकीबाट स्रोत नखुलेको १९ लाख रुपैयाँसहित दुई जना पक्राउ परेका छन्। काठमाडौं महानगरपालिका वडा नम्बर १४ कलंकीबाट दुई जनालाई आइतबार पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी नवराज अधिकारीले जानकारी दिए। पक्राउ पर्नेमा दोलखा बिगु गाउँपालिका–४ घर भई कलंकी बस्ने ३५ वर्षीया साबित्री वली र काठमाडौं–२३ न्यूरोड बस्ने २५ वर्षीय सुरेश वली छन्। एसपी अधिकारीका अनुसार शंकास्पद कारोबार भइरहेको खबरपछि परिसरबाट टोली खटिएको थियो।

साबित्रीलाई फेला पारेर जाँच गर्दा उनीबाट१५ लाख नगद बरामद भएको एसपी अधिकारीले बताए। उनी उक्त रकम बैंकमा जम्मा गर्न हिँडेकी थिइन्। सोधपुछ गर्दा भारतीय नागरिकको रहेको र एक वर्षदेखि न्यूरोडमा काम गर्नेगरेको प्रहरीसमक्ष बताएकी थिइन्। कार्यालयमा सुरेशलाई फेला पारी थप चार लाख नगद फेला पारेको हो। उनीहरूमाथि प्रहरीले थप अनुसन्धान अघि बढाएको छ।

# आगामी तीन महीनामा पूर्वी क्षेत्रमा औसतभन्दा बढी पानी पर्ने

काठमाडौं, २१ असोज। आगामी तीन महीनामा देशको पूर्वी भागमा औसतभन्दा बढी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले आकलन गरेको छ। विभागले तीन महीना (मध्य असोजदेखि मध्य पुससम्म)को मौसम पूर्वानुमान सार्वजनिक गर्दै लुम्बिनी प्रदेशभन्दा पूर्वमा सरदरभन्दा बढी पानी पर्ने बताएको छ। कर्णाली प्रदेशका मध्य तथा उत्तरी भूभाग र सुदूरपश्चिम प्रदेशका उत्तरी भूभागमा सरदरभन्दा कम वर्षा हुने आकलन छ।

विभागले कोशी, मधेश, बागमती, गण्डकी प्रदेशका दक्षिण–पूर्वी भूभाग र लुम्बिनी प्रदेशका पूर्वी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाएको छ।तापक्रमको हकमा, देशका अधिकांश स्थानमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना छ। विशेषगरी, बागमती, मधेश, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही भागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशतसम्म रहेको विभागले जनाएको छ।

त्यसैगरी, आगामी तीन महीनामा न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना छ। सुदूरपश्चिम, कर्णाली प्रदेशका पश्चिमी भूभाग र लुम्बिनी प्रदेशका पश्चिमी भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशितसम्म छ। अधिकतम र न्यूनतम तापक्रम बढी हुँदा दिउँसो र राति न्यानो अनुभूति हुनेछ। गत वर्ष याममा पनि अधिकतम र न्यूनतम तापक्रम विगत वर्षहरूको औसतभन्दा बढी रेकर्ड भएको थियो। यस वर्षको वर्षा याममा पानी समेत विगतको औसतको तुलनामा बढी परेको थियो।

विभागका अनुसार यो पूर्वानुमान विश्व मौसम संगठनको विश्वव्यापी तथा क्षेत्रीय स्तरको जलवायु सूचना, जल तथा मौसम विज्ञान विभागको हावापानी आकलन गर्ने प्रविधि र दक्षिणएशियाली जलवायु दृष्टिकोण मञ्चको आकलनका आधारमा तयार गरिएको हो।

# सात पालिकाका कर्मचारी र लाभग्राहीले चाडपर्वमा पनि तलबभत्ता पाएनन्

सर्लाही, २१ असोज। चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको अन्तिम समय भइसक्दा पनि पालिकाको खाता सञ्चालन नहुँदा तलबभत्ता भुक्तानीमा समस्या भएको छ। दसैँलगायत चाडपर्व आइसक्दा समेत कर्मचारीले तलबभत्ता र सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीले रकम पाउन सकेका छैनन्। जसले गर्दा यसपटकको चाडपर्व खल्लो हुने भन्दै कर्मचारी तथा लाभग्राहीहरू निरास छन्।

जिल्लाको चन्द्रनगर गाउँपालिका–६ की ५३ वर्षीया रतियादेवी माझीले सरकारले दिने सामाजिक सुरक्षाभत्ताले यसपटकको दसैं तिहार मनाउने योजना बनाएको थियो। सोही भत्ता रकमले छ जनाको परिवारमा खुसी ल्याउने योजना कार्यान्वयन नहुने भएपछि उनी निराश हुन। "श्रीमानको मृत्युपछि परिवारको लालनपालनको जिम्मा मेरै काधँमा छ। घरमा दिगो आम्दानी गर्ने व्यक्ति नहुँदा ज्याला मजदुरीबाट आएको पैसाले परिवारको दुई छाक टार्नसमेत मुस्किल छ। भवितव्य परिहाले ऋण गर्नुको विकल्प छैन। यसपटक चाडपर्व सोही रकमले धान्ने योजना थियो तर हालसम्म रकम आएको छैन", उनले भने, "तीन महिना बित्न लाग्यो रकम नपाएको, कार्यालयमा जाँदा आएको छैन भन्छन् सरहरुले। दसैंमा बालबालिकालाई मीठो मसिनो ख्वाउला साचेको अब नसकिने भो।"

जिल्लाको गोडैता नगरपालिका–१, पिपरियाका महेन्द्र कुशवाहा पनि भत्ता नआएपछि छटपटीमा हुन। दमको दीर्घरोगी उहाँलाई चाडबाडसँगै औषधिमूलो किन्नसमेत समस्या भएको छ। "भत्ताकै पैसाले औषधि किनेर खाने गरेको छ। आयआर्जनको अर्को उपाय छैन। नातिनातिना दसैं आयो भन्दै आउँछन्। मिठाई किनेर दिनेसमेत क्षमता छैन", उनले गुनासो गरे।

उनजस्तै समस्या छ नगरमा काम गर्ने कर्मचारीहरूको पनि। कविलसी नगरपालिका–२, स्थित बालगोविन्द जनता मावि पिपरियाका शिक्षक वीरेन्द्र साहले विभिन्न कारणले पालिकाको खाता सञ्चालन हुन नसक्दा तलबभत्तासमेत नपाएको दुःखेसो पोखे। चाडबाडको समयमा तलब नपाउँदा शिक्षकशिक्षिकालाई घरजानसमेत समस्या भएको उनले बताए। "दसैं जस्तो चाडबाडको समय छ। घर जाँदा छोराछोरीले मीठोमसिनो, लत्ताकपडा माग्छन्, आफूले पारिश्रमिक पाएको छैन। कसरी घर जाने !", उनले भने।

यस पालिकाकामा आन्तरिक विवादका कारण हालसम्म नगरसभाबाट बजेट पारित हुनेसकेको छैन। त्यसैकारण आर्थिक कारोबार ठप्प छ। यस्तै, बसवरिया गाउँपालिकाको स्वास्थ्य शाखाका सिनियर अहेब जयलाल सहनीले तलबभत्ता नपाउँदा ऋण काडेर चाडबाड मनाउन बाध्य भएको बताए। "बच्चाबच्चीले तलब आएको छैन भनेर मान्दैनन्, दसैँको समय छ। सबैले लगाएको खाएको देख्छन्। घरमा आएर झगडा गर्छन्। काम गरेको कार्यालयले तलब दिनसकेको छैन", उहाँले गुनासो गरे।

माथि उल्लिखित सबै प्रतिनिधि पात्रमात्र हुन्। जिल्लाका सातवटा पालिकाले समयमै परिषद् गरेर खाता सञ्चालन नगर्दा सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राही, सयौँ कर्मचारी तथा पालिकाको विभिन्न क्षेत्रमा काम गरिरहेका संघसंस्था, कार्यालय तथा कम्पनीहरु प्रभावित बनेका छन्। समग्रमा आठ हजार सामाजिक सुरक्षाभत्ता लाभग्राही, करिब चार सय ५० कर्मचारीले यस्तो समस्या भोगेका छन्। २० पालिका रहेको सर्लाहीमा हालसम्म ईश्वरपुर, गोडैता र कविलासी नगरपालिका तथा पर्सा, बिष्णु, बसवरिया र चन्द्रनगर गाउँपालिकाले परिषद् सम्पन्न गरेका छैनन्। स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको नियमानुसार आवश्यक प्रक्रिया नपुर्‍याएकाले यी पालिकाहरूको खाता सञ्चालनमा नआएको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त कोष नियन्त्रक रुपेशकुमार तिवारीले जानकारी दिए।

अन्य आठ नगरपालिका र पाँच गाउँपालिकाले परिषद् सम्पन्न गरी पहिलो चौमासिक रकम निकासा गरेर नियमित तलबभत्ता वितरण गरिरहेका उनले बताभएको छ।

# जनकपुरमा बुधबार झिझिया महोत्सव हुने

जनकपुरधाम, २१ असोज। विजया दशमीको अवसरमा जनकपुरधाममा यसवर्ष पनि लोकनृत्य झिझिया महोत्सव हुने भएको छ। नव मिथिला फाउण्डेशनको आयोजनामा अगामी बुधबार झिझिया हुन लागेको हो। नव मिथिला फाउन्डेसनले आज पत्रकार सम्मेलन गरी मिथिलाको लोक संस्कृति, लोक गायन र धार्मिक परम्परालाई संरक्षण गर्ने उद्देश्यले दोस्रो पटक झिझिया महोत्सव आयोजन गर्न लागेको जनाएको छ। फाउन्डेसनका अध्यक्ष अमित कुमारले गाउँगाउँबाट झिझिया टोली सँगै दुइ स्थानीय विद्यालयका छात्राहरुको टोलि झिझिया महोत्सवमा भाग लिने बताए। गतवर्ष झैं यसपटक पनि पाँचसय जना टाउकोमा घैँटा राखेर झिझिया नाच्ने उनको भनाइ छ।

जनकपुरस्थित रेल्वे स्टेसनको प्राङ्गणमा हुने महोत्सवमा धनुषाधाम समूह, अप्पन मिथिला झिझिया समूह जनकपुरधाम वडा नम्बर ४, जनकपुरधाम वडा नम्बर १२, मिथिलेश्वर झिझिया समूह, हिमाली बोर्डिंग स्कुल र जनकपुर एकेडमी स्कुल लगायतको झिझिया समुहले महोत्सवमा भाग लिने फाउण्डेशनका उपाध्यक्ष आदित्य नेपालले जानकारी दिए।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

**सूचिकृत हुने सम्बन्धी सूचना ।**

मितिः २०८१/०६/२१

यस कार्यालयको लागि आ.व २०८१/८२ मा नियमित कार्य सञ्चालनका लागि आवश्यक पर्ने सामाग्री तथा सेवा खरिदको लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियामावली २०६४ अनुसार मौजुदा सूचिमा सूचिकृत हुन् इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आफूले उपलब्ध गराउन सक्ने तपशिल वस्तु तथा सेवाको विवरण सहित तपशिलका कागजातहरु संलग्न राखी २०८१ साल मंसिर मसान्तसम्म सूचिकृत हुनका लागि निवेदन दिनुहुन सूचित गरिन्छ।

१. आवश्यक वस्तु तथा सेवाको विवरण स्टेशनरी, छपाई, फोटोकपी, तथा मसलन्द सम्बन्धि सामाग्रीहरु
२. कम्प्यूटर, इन्भटर, ईलेक्ट्रोनिक्स तथा अन्य मेसिनरी सामाग्रीहरु खरिद तथा मर्मत
३. भवन/सडक निर्माण तथा मर्मत
४. फर्निचर तथा फर्निसिंङ सम्बन्धि कार्य
५. सवारी साधन खरिद तथा मर्मत,
६. प्राविधिक तथा परामर्श सम्बन्धि कार्य
७. सिपमुलक तथा क्षमतामुलक तालिम तथा सो सँग सम्बन्धित आवश्यक सामाग्रीहरु।

**सेवा खरिद र तालिम संचालन गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले निवेदनका साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु**

१. दर्ता प्रमाणपत्र छायाँप्रती।
२. नेपाली नागरिकताको प्रमाणपत्र छायाँप्रती।
३. इजाजत प्राप्त गरेको प्रमाणपत्रको छायाँप्रती।
४. फर्म तथा व्यवसायको दर्ता नवीकरण प्रमाणपत्रको छायाँप्रती।
५. VAT/PAN दर्ताको छायाँप्रती।
६. आ.व २०८०/८१ को कर चुक्ता छायाँप्रती॥
७. नगरपालिकामा व्यवसाय दर्ता नवीकरण भएको प्रमाणपत्र छायाँप्रती।
८. प्रशिक्षक तथा इन्स्टक्टरहरुको लागि मान्यता प्राप्त सरकारी संस्थाबाट प्राप्त प्रमाणित प्रमाणपत्र छायाँप्रती।
९. सूचिकृतको लागि निवेदन तथा तोकिएको दस्तुर बुझाएको रसिद छायाँप्रती।

**द्रव्यष्ट** : रित नपुगी आएको दरखास्तलाई मान्यता दिईने छैन। व्यक्ति, फर्म वा कम्पनीलाई सूचिकृत गर्ने वा नगर्ने सम्बन्धि अधिकार यस कार्यालयमा निहित रहने छ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**


# मधेशको सञ्चार क्षेत्रमा समस्याका चाङ

बर्दीबास, २१ असोज। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले प्रदेशको सञ्चार क्षेत्र नाजुक अवस्थाबाट गुज्रिरहेको बताएको छ। उनले मधेशका मिडियाको उत्थान, प्रगति, सुरक्षालगायत समग्र क्षेत्रको अवस्था दयनीय र टिठलाग्दो रहेको बताए। गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेशमा आइतबार बर्दीबासमा आयोजना गरेको ‘प्रदेश सञ्चार ऐन तथा नियमावली’ सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा मन्त्री लेखीले सो कुरा बताएको हो। उनले दयनीय बन्दै गएको प्रदेशको सञ्चार क्षेत्रको अवस्था सुधार्न प्रयास गरे पनि सञ्चार क्षेत्रबाट समेत आफूले रचनात्मक र संस्थागत सहयोग नपाएको गुनासो गरे। समस्यै समस्याले जेलिएको प्रदेशको मिडियालाई सुधार्न के के गर्नु पर्छ ? लोक कल्याणकारी विज्ञापनलाई कसरी व्यवस्थित गर्न सकिन्छ ? पचास करोड रुपियाँभन्दा बढीको कार्यक्रमको प्रारूपसहित लिखित सुझाव दिन आग्रह गर्दा पनि कसैले सुझाव नदिएको उनको भनाइ थियो।

उहाँले प्रदेशमा व्याप्त राजनीतिक अस्थिरता, महिना दुई महिनामा सरकार फेरिने अवस्था र संघीय कानुनको बाधा अड्काउले काम गर्ने अनुकूलता नभएको उल्लेख गरे। उनले सञ्चार ऐन तथा नियमावलीमा भएका त्रुटि कमजोरीलाई सच्याएर प्रदेशको समग्र सञ्चारको विकासका लागि आवश्यक सल्लाह सुझाव लिन आफ्नै पहलमा अन्तर्क्रिया आयोजना गरेको बताए। आमसञ्चार प्राधिकरणका श्यामसुन्दर यादवले प्रदेश सरकारमा व्याप्त बेथितिले काम गर्न सहज नभएको दुःखेसो व्यक्त गरे। उनले सञ्चार ऐन र नियमावली अस्पष्ट र बाझिएको, मन्त्रालयमा पठाएको फाइल महिनौँसम्म अड्काएर राख्ने प्रवृत्तिले काम असहज भएको गुनासो गरे।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका अधिकृत सन्दीपकुमार सिंहले सञ्चार ऐन अनेक त्रुटि र समस्याले जेलिएका, लागु कसरी गर्ने भनी स्पष्ट नभएका ऐनले दिएको अधिकार पनि कसले र कसरी निर्वाह गर्ने स्पष्ट नभएको उल्लेख गरे। प्रदेश मिडिया काउन्सिलका अध्यक्ष कैलाश दासले प्रदेशको सञ्चार ऐनमा २५ प्रतिशतभन्दा बढी त्रुटि रहेकाले यसको संशोधन वा पुनर्लेखनको आवश्यकता औँल्याए। अन्तर्क्रियामा पर्सादेखि सप्तरीसम्मका विभिन्न मिडियाका प्रतिनिधिले सञ्चारकर्मीको सुरक्षा, लोककल्याणकारी विज्ञापन, नीतिगत त्रुटिलगायतका विषय उठान गरेको थियो।

टेलिभिजन एसोसिएसन मधेश प्रदेशका अध्यक्ष विष्णु कुँवरले मधेश प्रदेशका सञ्चारगृहले सामना गर्नु परेका राजनीतिक प्रभाव र दबाब, वित्तीय अभाव, कमजोर पूर्वाधार लगायतका समस्या र चुनौतीका बारेमा बुँदागत रूपमा प्रस्तुत गरेको थियो।

# अख्तियारमा स्थानीय सरकारविरुद्ध सबैभन्दा धेरै उजुरी, कुन क्षेत्रका कति ?

काठमाडौं, २१ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सबैभन्दा बढी उजुरी संघीय मामिला अन्तर्गत स्थानीय तहसँग सम्बन्धित परेका छन्। आयोगका ०८०/८१ को प्रतिवेदनमा स्थानीय तह समेत गरी यो क्षेत्रसँग सम्बन्धित १० हजार ६१५ उजुरी परेको उल्लेख छ। अघिल्लो आर्थिक वर्षबाट तीन हजार ४६५ उजुरी सरेका छन्। त्यो समेत गर्दा संघीय मामिला क्षेत्रको१४ हजार ८० उजुरी रहेका छन्। यो क्षेत्रमा ३८.९१ प्रतिशत उजुरी रहेको आयोगको तथ्यांकले देखाएको छ। त्यस्तै, शिक्षा क्षेत्र (स्थानीय तह समेत) सँग सम्बन्धित चार हजार ५४३ उजुरी दर्ता भएको छ। अघिल्लो आर्थिक वर्षबाट सरेको उजुरीसहित कुल पाँच हजार ७१२ उजुरी छ।

भूमि प्रशासनका दुई हजार ३४७ उजुरी आयोगमा दर्ता भएको छ। गत आर्थिक वर्षबाट यस क्षेत्रसँग सम्बन्धित एक हजार १६९ उजुरी जिम्मेवारीबाट सरेको छ। त्यस्तै, वन तथा वातावरण क्षेत्रका एक हजार ७१ उजुरी ०८०/८१ मा दर्ता भएको छ। अघिल्लो आर्थिक वर्षका ३११ उजुरी जिम्मेवारीबाट सरेको थियो। ०८०/८१ मा स्वास्थ्य तथा जनसंख्या क्षेत्रसँग सम्बन्धित एक हजार ११७, भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका ८५२ उजुरी दर्ता गरिएको आयोगको प्रतिवेदनमा उल्लेख छ। अघिल्लो आर्थिक वर्षबाट स्वास्थ्यका २१६ र भौतिकका ४५४ उजुरी सरेको आयोगले जनाएको छ।

त्यस्तै, गृह प्रशासनका एक हजार १७७, अर्थको ६६८ उजुरी परेको छ। अघिल्लो आर्थिक वर्षबाट गृह प्रशासनका ९८ र अर्थका १०४ उजुरी जिम्मेवारीबाट सारिएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइसँग सम्बन्धित ४९१, खानेपानीसँग सम्बन्धित ३९५ उजुरी दर्ता भएको देखिन्छ। ऊर्जाका २६९ र खानेपानीका १८८ उजुरी अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सारिएको प्रतिवेदनमा उल्लेख छ। आर्थिक वर्ष ०८०/८१ मा गैरकानुनी सम्पति आर्जनसँग सम्बन्धित एक हजार ९४९ उजुरी आयोगमा दर्ता भएको छ। अघिल्लो आर्थिक वर्षबाट ५७६ उजुरी जिम्मेवारी सर्दा कुल दुई हजार ५२५ उजुरी रहेका छन्।

त्यसैगरी, नक्कली शैक्षिक प्रमाणपत्रका ५२३ उजुरी दर्ता गरिएको आयोगले जनाएको छ। अघिल्लो आर्थिक वर्षबाट एक हजार १८२ उजुरी जिम्मेवारी सर्दा कुल एक हजार ७०५ उजुरी छन्। अन्य क्षेत्रका एक हजार ७३० उजुरी परेका छन्। अघिल्लो आ.वबाट ६७६ उजुरी जिम्मेवारी सर्दा दुई हजार ४०६ उजुरी अन्य क्षेत्रतर्फका छन्। यसरी हेर्दा क्षेत्रगत उजुरी ०८०/८१ मा २६ हजार ९१८ दर्ता भएका छन्। अघिल्लो आर्थिक वर्षबाट ९ हजार २६८ उजुरी जिम्मेवारी सारिएको थियो। यसरी हेर्दा कुल ३६ हजार १८६ उजुरी आयोगमा छ।

आयोगका अनुसार, पछिल्ला पाँच वर्षमा सबैभन्दा बढी उजुरी संघीय मामिला, शिक्षा र भूमि–प्रशासनका छन्। प्रत्येक आर्थिक वर्षमा संघीय मामिला पहिलो, शिक्षा दोस्रो र भूमि प्रशासन उजुरी बढी पर्नेमा तेस्रो रहेको प्रतिवेदनमा उल्लेख छ।

# दुर्गा प्रसाईं समर्थित समूहले ट्रक आगजनी गर्दा घाइते भएका चालकको मृत्यु

काठमाडौं, २१ असोज। दुर्गा प्रसाईं समर्थित समूहले ट्रक आगजनी गर्दा गम्भीर घाइते भएका चालकको उपचारको क्रममा मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय झापाकी प्रहरी निरीक्षक मेहेन्दी तामाङका अनुसार गम्भीर घाइते रहेका चालकको उपचारको क्रममा मृत्यु भएको हो। मृतक भारतको इस्लामपुर बस्ने ४० वर्षीय पोदो राय छन्। उनी असोज ७ गते डब्ल्यु बी ७३ ई ३०५६ भारतीय नम्बरको गाडी चलाएर बिर्तामोड–६ गिरिबन्धु टी–इस्टेट हुँदै काँकडभिट्टातर्फ जाँदै थिए। त्यसक्रममा एक समूहले उनलाई रोकेर कुटपिट एवं पेट्रोल झर्केर गाडीमा आगजनी गरी फरार भएका थिए। आगजनी गर्ने क्रममा चालक पनि गम्भीर भएका थिए।

मेडिकल व्यवसायी एवं राष्ट्र, राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई साइबर ब्युरोले पक्राउ गरेपछि विरोध गर्ने क्रममा उक्त घटना भएको गरेको खुलेको हो। दुर्गा प्रसाईं ६ गते पक्राउ परेका थिए। उक्त घटनामा संलग्न रहेको आरोपमा महाअभियानका झापा संयोजक (पब्लिक डिफेन्स फोर्स) भिम तुम्बापो लिम्बूसहित ८ जनालाई पक्राउ गरेको थियो। घाइते भएका चालक रायलाई प्रारम्भिक उपचारको लागि बिएन्डसी अस्पताल लगिएको थियो। उनको थप उपचारको लागि भारतमा पठाइएको थियो। उपचारको क्रममा शनिबार दार्जलिङस्थित बंगाल मेडिकल कलेजमा मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय झापालाई आइतबार खबर भएपछि पोष्टमर्टमको लागि भद्रपुर अस्पतालमा शव ल्याइएको छ।

यस घटनामा महाअभियानका संयोजक लिम्बू, सहसचिव सुरेश चौधरी, सदस्यहरू विवश लिम्बू, बलिहाङ माबो लिम्बू, राजेश महत, रुद्र भुजेल, वीरबहादुर गुरूङ र उदय लिम्बू प्रहरी हिरासतमा छन्। उनीहरूमाथि आपराधिक उपद्रव र ज्यान मार्ने उद्योग कसुरमा अनुसन्धान भइरहेको थियो। अब कार्यालयले उनीहरूमाथि कर्तव्य ज्यान मुद्दामा अनुसन्धान अघि बढाउनेछ।

# बाढी–पहिरोमा परी मृत्यु हुनेको संख्या २४६ पुग्यो

काठमाडौं, २१। असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन्। नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरण अनुसार बाढीपहिरोमा परेर एक सय ७८ घाइते भएका छन्। १८ बेपत्ता रहेको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए। उहाँकाअनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ। सबैभन्दा ठुलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौँ उपत्यकामा धेरै क्षति भएको छ। बागमतीमा मात्रै एक सय ३९को मृत्यु भएको छ।

मृतकमध्ये एक सय ७६ आश्रित परिवारलाई ‘विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७’ बमोजिम राहत रकम उपलब्ध गराइएको छ। प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उहाँले जानकारी दिए। मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाम घरमा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ। आपत्कालीन राहत, पुनः निर्माण र पुनस्स्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनस्निर्माणलाई गति दिन निर्देशन दिएको उनले बताए।

विभिन्न राजमार्गका अवरोध हटाइ वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ। लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्तावापत् रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत उपलब्ध गराइने मन्त्रालयले जनाएको छ।


## नेपालको संबिधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)